जुलाई २०१४  सार्वजनिक प्रयोजनको लागि

# नेपाल: सरोकार र सिफारिसहरूको सार संक्षेप

## १. *सरोकार सार*

विस्तृत शान्ति सम्झौता र चैत २०६४ को निर्वाचनद्वारा निर्माण भएको नेपालको पहिलो संविधान सभाले हिन्दू राजसंस्थालाई खारेज गर्ने र नेपाललाई धर्म निरपेक्ष गणतन्त्र घोषणा गर्ने आधारभूत निर्णय गर्‍यो। विस्तृत शान्ति सम्झौताले निर्देशन गरे अनुरूप यसको कार्य "विश्वव्यापी रूपमा स्वीकार्य हुने आधारभूत मानव अधिकारलाई पूर्ण रुपमा आत्मसात् गर्ने एक राजनीतिक व्यवस्था" स्थापित गर्नु थियो, तर तोकिएको समयभित्र नयाँ संविधानमा सहमति गर्ने कार्य पूरा गर्न असफल रह्यो।

हाल मङ्सिर २०७० मा भएको निर्वाचनद्वारा निर्मित दोस्रो संविधान सभा पूर्व संविधान सभाले प्रस्ताव गरेका सबै धाराहरूको समीक्षा गर्ने, जेठ २०६९ सम्ममा सहमति नभएका बुँदाहरूमा रहेका विवादहरू सुल्झाउने र समग्र नयाँ संविधानमा सहमति गर्ने प्रक्रियामा छ।

हिन्दू राज्य संस्थाबाट धर्म निरपेक्ष लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण हुने इतिहासको यस निर्णयात्मक क्षणमा नेपालमा धर्म वा आस्थाको स्वतन्त्रताको अधिकारले विशेष महत्व राख्दछ। त्यसकारण संविधान सभाले नयाँ संविधानमा पूर्ण धार्मिक स्वतन्त्रतालाई सुनिश्चित गर्नुपर्छ।

पूर्व संविधान सभाबाट प्राप्त भएका धार्मिक स्वतन्त्रता सम्बन्धी दुई संवैधानिक प्रस्तावहरू मध्य एकमा "कसैले पनि अर्को व्यक्तिको चाहना विरुद्ध उस/उनलाई एक धर्मबाट अर्को धर्ममा परिवर्तन गराउन नपाउने" व्यवस्था छ। यसले विस्तृत शान्ति सम्झौताको माग अनुसार कसैले आफ्नो आस्था छनोट गर्नु र ग्रहण गर्नुलाई सकारात्मक व्यक्तिगत छनोटको रूपमा

अथवा एउटा व्यक्तिगत अधिकारको रूपमा दर्शाउनमा असफल भएको पुर्व संविधान सभाले मस्यौदा गरेका अन्तर्राष्ट्रिय मानव अधिकार संरचनासँग मेल नखाने दफाहरू नै नयाँ संविधान सभाले पारित गर्ने गम्भीर जोखिम छ । अझ, २०६८ वैसाखमा पूर्व संविधान सभा समक्ष पेश गरिएको नयाँ दण्ड विधानको मस्यौदा प्रस्तावमा त " प्रलोभन देखाएर वा नदेखाएर गरिएको ", सबै खाले धर्म परिवर्तनलाई निषेध गरिएको छ । यदि पूर्व संविधान सभाबाट ग्रहण गरिएका, व्यक्तिको धार्मिक आस्था छनोट गर्ने र परिवर्तन गर्ने विषयमा त्यस्तो बिना सर्त प्रतिबन्धको व्यवस्थालाई समेट्ने हो भने सबै नेपालीहरूको धार्मिक स्वतन्त्रतामाथि गम्भीर रूपमा कटौती हुनेछ ।

## २. *अहिलेको अवस्था*

हालैका केही वक्तव्यहरूले नेपालको धार्मिक स्वतन्त्रता सम्बन्धी वर्तमान राजनीतिक माहोललाई गम्भीर रूपमा प्रभावित पारेका छन् ।

२०७१ जेठ १८ गते नेपाल भ्रमणको सिलसिलामा भारतीय जनता पार्टी (बीजेपी) का उपाध्यक्ष भगत सिँह कोशियारीले एक आस्था देखि अर्कोमा परिवर्तन गर्नु र धर्म परिवर्तनलाई पूर्ण रुपमा कानूनी निषेध गर्नुपर्ने राय व्यक्त गरे र धर्म परिवर्तन एक गैरकानुनी, फौजदारी कसुर रहेको ठोकुवा गरे । यसै रायलाई नेपाल सरकारका समाज कल्याण मन्त्री निलम केसीले दोहोर्‍याए र एक धर्मबाट अर्कोमा परिवर्तन गर्ने कार्यलाई निषेध गर्नुपर्ने विचार व्यक्त गरे । असार २ मा काङ्ग्रेस पार्टीका नेता डा. शेखर कोइरालाले धर्म परिवर्तनको विरुद्ध सख्त प्रावधानको माग गरे, र अर्को काङ्ग्रेस पार्टी नेता लक्ष्मण घिमिरेले पनि नेपाललाई हिन्दू राज्य घोषणा गर्नुपर्ने माग राखे ।

असार ५ मा विभिन्न हिन्दू सङ्गठनहरूले काठमाडौंमा गरेको संयुक्त पत्रकार सम्मेलनमा नेपाललाई हिन्दू राज्य घोषणा गर्नुपर्ने र हिन्दू राज्यको परिभाषालाई नयाँ संविधानमा स्पष्टसाथ लिपिबद्ध गर्नुपर्ने माग राखियो।

यी वक्तव्यहरूबाट नेपालमा कसैको धर्म र आस्था छनोट गर्ने तथा परिवर्तन गर्ने कार्यलाई कानुनी रूपमा नै निषेध गर्ने र सबै खाले धर्म परिवर्तनलाई प्रतिबन्ध लगाउने सशक्त खुला अभियान चालेको प्रष्ट देखिन्छ।

## ३. धर्म र आस्थाको स्वतन्त्रता: अन्तर्राष्ट्रिय सन्धिसँग सम्बन्धित दायित्वहरू

नागरिक तथा राजनीतिक अधिकारहरू सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र(ICCPR) सन्धिको नेपाल पक्ष राष्ट्र हो । यसको धारा १८ ले "विचार, सद्विवेक र धर्म स्वतन्त्रताको अधिकार" प्रदान गरेको छ । यसभित्र व्यक्तिको "आफूले रोजेको धर्म वा आस्था अवलम्बन वा ग्रहण गर्न पाउने स्वतन्त्रता" पनि पर्दछ, जसलाई संयुक्त राष्ट्र संघ मानव अधिकार समितिको सामान्य टिप्पणी २२ (General Comment 22) ले "कुनै पनि व्यक्तिले मानिआएको धर्म वा आस्थालाई अर्को धर्ममा प्रतिस्थापन गर्ने वा नास्तिक विचारधारा अपनाउन पाउने" (दफा ५) अधिकारलाई अनिवार्य रूपमा समाहित गर्नुपर्ने भनी व्याख्या गरेको छ।

त्यसको अलावा, यसको आफ्नै सन्धि ऐन २०४७ अनुसार पनि अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी सन्धिका सबै प्रावधानहरू लागू गर्न नेपाल बाध्य छ। जस अन्तर्गत संशोधित सबै सन्धिहरू नेपालको कानुन बन्ने र प्रचलित कानुन कुनै पनि सन्धिसँग बाझिएमा असंगत बुँदाहरूलाई परिवर्तन गरी पालना गर्ने व्यवस्था गरिएको छ ।

संयुक्त राष्ट्रसंघीय विशेष प्रतिवेदकले धर्म वा आस्थाको स्वतन्त्रता र विचार तथा अभिव्यक्ति स्वतन्त्रता सम्बन्धमा अक्टोबर २०११ मा नेपाल सरकारलाई पठाइएको पत्रमा "नयाँ संविधानमा धर्म र आस्थासँग सम्बन्धित दुई प्रस्तावहरू प्रति चिन्ता व्यक्त गरिएको छ, जसमा ICCPR को धारा १८ ले "कुनै पनि व्यक्तिले धर्म वा आस्थाको छनोट स्वतन्त्र रुपले गर्न पाउनु पर्ने साथै मानिआएको धर्म वा आस्थालाई अर्को धर्म वा आस्थाद्वारा प्रतिस्थापन गर्ने वा नास्तिक विचारधाराहरू अपनाउन पाउने" अधिकार समावेश गरेको छ । "प्रस्तावित धर्म परिवर्तन विरोधी दफाहरू" का सम्बन्धमा प्रतिवेदकहरूले "... कसैको धर्म प्रकट गर्ने, विशेष गरी धर्म प्रसार गर्ने जस्ता ... अहिंसात्मक कार्यको अपराधीकरण गर्नु अनुचित हुने "..."किनकि यसले धार्मिक अल्पसंख्यकहरूलाई उत्पीडनमा पार्ने शृङ्खलाको शुरुवात् गर्न सक्नेकुरा दोहोऱ्याएका छन्" । पत्रले

प्रस्तावित दण्ड विधानका मस्यौदाका खण्डहरूले "कुनै पनि समूहको धर्मलाई अवमूल्यन गर्ने" र "कुनै पनि जात, नश्ल, वर्ग वा सम्प्रदायका धार्मिक भावनामा हानि पुर्‍याउने, अपमान वा आक्रमण गर्ने" कार्यलाई अपराधीकरण गर्न सक्छ । पत्रले यस्ता प्रतिबन्धहरू "ICCPR का प्रावधान अनुरूप असंगत रहने" कुरा प्रकट गरेको छ ।

## ४. *सिफारिसहरू*

### *संविधान सभा र नेपाल सरकारको लागि*

- नेपालको नयाँ संविधानमा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र(ICCPR) र नेपालको आफ्नै सन्धि ऐन २०४७ का सबै प्रावधानहरूलाई प्रतिबिम्बित गरिनुपर्दछ ।
- नेपालको नयाँ संविधानमा कुनै पनि व्यक्तिको धर्म वा आस्थाको छनोट र परिवर्तन गर्न पाउने र कुनै पनि धर्म नअपनाउने अधिकारको सुनिश्चित गर्नुपर्दछ ।
- नयाँ संविधान र प्रस्तावित दण्ड विधानमा जबरजस्ती वा प्रलोभन देखाएर वा नदेखाएर गरिएको ज'नसुकै तरिकाले परिभाषित गरिएको भए पनि धर्म परिवर्तनलाई निषेध गर्ने वा प्रतिबन्ध लगाउने कुनै पनि धारा वा वाक्य संलग्न गरिनु **हुँदैन** ।

### *नेपालसँग कूटनीतिक सम्बन्ध कायम राख्ने राज्य, राजनीतिक दल वा अन्तर्राष्ट्रिय निकायहरूको लागि*

नेपाल सरकारसँगका भेटवार्ताको क्रममा र संविधान सभा सदस्यहरूलाई सिफारिस गर्नुपर्ने:-

- नेपालको नयाँ संविधानमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र(ICCPR) र नेपालको आफ्नै सन्धि ऐन २०४७ का सबै प्रावधानहरूलाई प्रतिबिम्बित गर्नुपर्नेछ।

- नेपालको नयाँ संविधानमा कुनै पनि व्यक्तिको धर्म वा आस्था छनोट र परिवर्तन गर्न पाउने र कुनै पनि धर्म नअपनाउने अधिकारको सुनिश्चित गर्नुपर्दछ ।
- नयाँ संविधान र दण्ड विधानमा जबरजस्ती वा प्रलोभन देखाएर वा नदेखाएर गरिएको वा नगरिएको जनसुकै तरीकाले परिभाषित गरिएको भए पनि धर्म परिवर्तनलाई निषेध गर्ने वा प्रतिबन्ध लगाउने कुनै पनि धारा वा वाक्य संलग्न गरिनु **हुँदैन** (संयुक्त राष्ट्र संघीय विशेष प्रतिवेदकहरूको पत्रले संकेत गरिए अनुसार)।